# नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)

एफएनजे न्यूजलेटर माघ-फागुन, २०७४ | FNJ Newsletter February-March 2018


## पत्रकार महासंघ केन्द्रीय समितिको तेस्रो पूर्ण बैठक

# वैशाख २२ मा प्रादेशिक निर्वाचन



नेपाल पत्रकार महासंघले आगामी २०७५ वैशाख २२ गते महासंघको सबै प्रदेशमा प्रादेशिक निर्वाचन गर्ने भएको छ। २०७४ फागुन २१ र २२ गते जनकपुरमा सम्पन्न केन्द्रीय समितिको बैठकले प्रदेशहरूमा वैशाखमा निर्वाचन गर्ने निर्णय गरेको हो।

महासंघको विधानमा भौगोलिक हिसाबले ७ वटा प्रदेश समिति ३ नम्बर प्रदेशअन्तर्गतका काठमाडौं, ललितपुर, भक्तपुर जिल्लालाई एक, प्रतिष्ठान शाखालाई एक र एशोसिएट (संस्थागत) लाई एक प्रदेश मानेर १० प्रदेशको व्यवस्था छ। महासंघले प्रदेश निर्वाचन सफल पार्न आआफ्नो तहबाट सहयोग पुऱ्याउन सबैमा आग्रह गरेको छ।

महासंघले प्रदेश निर्वाचनलाई ध्यानमा राखी आगामी चैत्र २५ गतेसम्म साधारण सदस्यता नविकरण गर्न सबै सदस्यहरूलाई आह्वान गरेको छ। महासंघका महासचिव रमेश विष्टले सबै शाखालाई सदस्यता नवीकरणको प्रक्रिया तदारुकताका साथ अगाडि बढाउनका लागि परिपत्र पनि गर्नु भएको छ।

प्रदेश निर्वाचन सम्पन्न गर्न महासंघले निर्वाचन समिति गठन गरेको छ। वरिष्ठ पत्रकार बबिता बस्नेतको संयोजकत्वमा गठित समितिमा महासंघका पूर्वउपाध्यक्ष अनिता बिन्दु, पूर्वसचिव धर्मेन्द्र कर्ण, पूर्वकेन्द्रीय सदस्य बालकृष्ण बस्नेत र अधिवक्ता कपिल पोखरेल हुनुहुन्छ।



महासंघका महासचिव रमेश विष्टद्वारा जारी प्रेस विज्ञप्ति अनुसार फागुन २१ र २२ गते जनकपुरमा भएको बैठकले लोकतन्त्र, मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, मौलिक हकप्रति पूर्ण प्रतिवद्धता व्यक्त गर्दै श्रमजीवी पत्रकारको हकहितको पक्षमा रहेर अघि बढ्न तपसिलका निर्णयहरू गरेको छ :

१. श्रमजीवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयनमा सरकारी उदासिनताप्रति गम्भीर आपत्ति जनाउँदै यसलाई तत्काल कार्यान्वयनका लागि सशक्त आन्दोलनका कार्यक्रमसहित चार महिने कार्ययोजना तय गरिएको छ। साथै, नेपाल पत्रकार महासंघको सुझाव र न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिस बमोजिम पत्रकारहरूको न्यूनतम पारिश्रमिक पुनरावलोकन गर्न नेपाल सरकारसँग यो बैठक माग गर्दछ।
२. आगामी वैशाख २२ गते नेपाल पत्रकार महासंघको सबै प्रदेशमा प्रादेशिक



निर्वाचन सम्पन्न गर्ने निर्णय गरिएको छ। प्रदेश निर्वाचन सफल पार्न आआफ्नो तहवाट सहयोग पुऱ्याउन महासंघ सबैमा आग्रह गर्दछ।

३. महासंघको पहलमा पत्रकारको दुर्घटना विमा सञ्चालन भइरहेको छ। स्वास्थ्य वीमाको थप योजना अघि बढाउने प्रतिवद्धता व्यक्त गर्दै यसलाई थप प्रभावकारी बनाउन सहयोग गर्न यो बैठक सम्बन्धित सबैमा आग्रह गर्दछ।

४. महासंघले यसअघिको बैठकबाट सुरुआत गरेको सदस्यता शुद्धीकरणको अभियानलाई प्रभावकारीरूपमा अघि बढाउने निर्णय गरिएको छ। साथै, यो बैठक पत्रकारको पेशागत सुरक्षा, सम्पादकीय स्वतन्त्रता र पत्रकार आचारसंहिताको पालनामा पूर्ण प्रतिवद्धता व्यक्त गर्दछ।

५. आमसञ्चारसम्बन्धी छाता ऐन निर्माण गर्ने सन्दर्भमा महासंघले मस्यौदा तय गरी सरोकारवालासँग छलफलमार्फत सरकारलाई पेश गर्ने निर्णय गर्दछ। सञ्चारमाध्यमले मिडिया गाइडलाईन तय गरी अघि बढ्न आवश्यक रहेकाले श्रमजीवी पत्रकार ऐनको भावना र मर्मलाई आत्मसात गर्नेगरी कार्यान्वयन हुने दिशामा महासंघ सहजीकरण गर्ने निर्णय गर्दछ।

६. महासंघले लोकतन्त्र, न्याय र स्वतन्त्रताका लागि आजीवन संघर्ष गरिरहेका जेष्ठ पत्रकारहरूको सम्मान आरम्भ गरिसकेको छ। प्रेस स्वतन्त्रता सेनानी तथा जेष्ठ पत्रकारहरूको सम्मानका लागि सरकारसमक्ष कार्ययोजना प्रस्तुत गर्ने निर्णय गर्दछ।

७. आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठनको प्रक्रिया रोकिएकोप्रति सरकारको गम्भीर ध्यानकर्षण गराउँदै केन्द्र तथा सबै प्रदेशमा प्रतिष्ठान स्थापनाको प्रक्रिया अगाडि बढाउन सरकार समक्ष यो बैठक माग गर्दछ।

८. 'आफै श्रमजीवी, आफै सञ्चालक' रहेका साना लगानीका सञ्चारमाध्यमलाई बचाउन समानुपातिक विज्ञापन वितरणलगायत सञ्चार सामग्रीमा कर छुटसँगै बृत्ति विकास तथा तालिम सञ्चालनका लागि 'साना लगानी मिडिया विकास कोष' स्थापना गर्न सरकारसँग यो बैठक माग गर्दछ।

९. प्रेस स्वतन्त्रता विरोधी अनलाइन निर्देशिका फिर्ता लिन आग्रह गर्दछ। साथै, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान र प्रत्याभूतिको प्रभावकारी व्यवस्था गर्न राज्यका सबै निकायमा बैठक आग्रह गर्दछ।

१०. प्रादेशिक संरचनाको अनुभूति हुने किसिमले राज्यका हरेक निकायमा सम्मान, पुरस्कार र अवसरलाई समावेशी र समानुपातिक किसिमले प्रदान गर्न बैठक माग गर्दछ।

११. विभिन्न सञ्चारमाध्यममा लामो समयदेखि कार्यरत स्टीङगर पत्रकारलाई प्रक्रिया पुऱ्याएर चाँडो स्थायी गर्नका लागि महासंघ सम्बन्धित सञ्चारमाध्यको ध्यानाकर्षण गराउँदछ ।

१२. धुलिखेलको बैठकको निर्णय अनुरुप महासंघलाई ट्रेड युनियन संस्थाको रूपमा विकास गर्नका लागि प्रतिष्ठान शाखालाई ट्रेड युनियनमा दर्ता प्रक्रिया अगाडि बढाइनेछ।

१३. प्रेस काउन्सिलबाट हुने पत्रपत्रिका वर्गीकरणमा कसैमाथि विभेद तथा पूर्वाग्रही नहुने गरी प्रक्रियासम्मत ढंगले गर्न गराउन महासंघ जोडदार माग गर्दछ।

१४. तराई मधेशमा आएको बाढीबाट प्रभावित पत्रकारका लागि राहतको तत्काल व्यवस्था गर्न लागि सरकारसँग जोडदार माग गर्दछ। साथै, यस विषयमा सरकारलाई दबावका लागि महासंघले पहलकदमी लिने निर्णय गर्दछ।

१५. महासंघको केन्द्रमा तत्कालै तथा जिल्ला शाखा र प्रदेशहरूमा क्रमश: इल्याब्रेरीको स्थापना गर्ने निर्णय गरिएको छ।

१६. ऐतिहासिक, धार्मिक, साँस्कृतिक धरोहरको रूपमा रहेको राजर्षि जनकको पवित्रभूमि जनकपुरधाममा रहेको जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउनुका साथै यहाँका विभिन्न ऐतिहासिक सम्पदाको विकास तथा प्रवर्द्धनका लागि समाचार सामग्री प्रकाशन, प्रकाशनको प्राथमिकतामा राख्नका लागि सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने निर्णय गर्दछ।

१७. जनकपुरधाम क्षेत्रको पर्यटन प्रवर्द्धन र विकासका लागि जनकपुर-अयोध्या सर्किट निर्माण गर्नुका साथै आवश्यक भौतिक संरचनाको निर्माणमा सरकारको ध्यानाकर्षण गराउँदछौं।

१८. महासंघ केन्द्रीय समितिको यो बैठक सम्पन्न गर्न आतिथ्यता प्रदान गर्ने धनुषा शाखालाई बैठक हार्दिक धन्यवाद ज्ञापन गर्दछ। बैठकलाई सफलतापूर्वक सम्पन्न गर्न विभिन्न ढंगले सहयोग गर्नुहुने जनकपुरधामका नागरिक समाज, उद्योगी, व्यवसायी, सञ्चारकर्मी, बुद्धिजीवी, राजनीतिक दल, सरकारी तथा गैरसरकारी निकाय र संस्थाहरूप्रति महासंघ आभार व्यक्त गर्दछ।



अन्तर्वार्ता



# मर्यादित पत्रकारिताका लागि काम गरिरहेका छौं

विपुल पोखे्रल
उपाध्यक्ष, नेपाल पत्रकार महासंघ

**नेपाल पत्रकार महासंघमा नयाँ नेतृत्व चयन भएको ६ महिना भन्दा बढी भएको छ । यस अवधिमा महासंघले पत्रकारिता, पत्रकार, मिडिया लगायतमा नीतिगत तथा व्यावहारिक पहलहरू गरेको छ । प्रस्तुत छ, यस सम्बन्धी महासंघका उपाध्यक्ष विपुल पोख्रेलसँग गरिएको कुराकानी :**

**नेपाल पत्रकार महासंघको नेतृत्वमा तपाईंहरू निर्वाचित हुनु भएको ६ महिना भन्दा बढी भयो, यसबीचमा मुख्य मुख्य के के काम गर्नुभयो ?**

हामीले नेपाली पत्रकारितालाई थप व्यवस्थित र मर्यादित, श्रमजीवी पत्रकारहरूको हित प्रवर्द्धन गर्ने लगायतका सवालमा कामहरू गरिरहेका छौं । केही परिणाम आइसकेका छन् । अरु देखिदै जानेछन् । पत्रकारिताका र पत्रकारका विषयहरूलाई सम्बोधन गर्नका लागि केन्द्रीय समितिमा आवश्यक समिति बनाउने, जिम्मेवारी बाँडफाँड गर्ने निर्णयहरू भएका छन् । पत्रकारहरूका समस्या समाधानका लागि हामीले दैनिक जसो काम गरिरहेका छौं । छलफलबाट समाधान खोज्नेदेखि अदालत जानेसम्मका कामहरू भइरहेका छन् ।

यो अवधिमा नेपालमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । संविधान अनुसारका राज्यको पुनर्संरचना भएपछि ती तहहरूमा जनप्रतिनिधिहरू निर्वाचित भएर आएका छन् । यो महत्वपूर्ण निर्वाचनको समयमा हामी पनि जोडिएर मुलुकलाई एउटा मार्गप्रशस्त गर्ने प्रक्रियामा सहभागी हुन पुगेका छौं । महासंघको तर्फबाट सबै प्रदेशहरूमा विशेष टोली परिचालित गरेर निर्वाचनमय वातावरण बनाउन, निर्वाचनका हरेक प्रक्रियाका सूचनाहरू सार्वजनिक गर्नका लागि सहज वातावरण बनाउन महासंघले महत्वपूर्ण भूमिका खेलेको छ ।

त्यसैगरी राज्यको पुनर्संरचनाअनुसार महासंघको पनि पुनर्संरचना गर्ने भन्ने हाम्रो विधानको भावनाअनुसार प्रदेश तहको महासंघको समिति निर्माणका लागि हामीले निर्वाचनको तयारी पनि गरिरहेका छौं । र, निर्वाचन समिति समेत गठन गरिसकेका छौं । धेरै कामहरूको प्रारम्भ गरिसकेका छौं । एकपछि अर्को परिणाम आउनेछन् ।

**मुलुक संघीय संरचनामा गएको छ, त्यस सन्दर्भमा सरकारकातर्फबाट विभिन्न कानून बन्दैछन् । त्यसमा महासंघले के गरिरहेको छ ?**

संघीय संरचनामा मुलुक जाँदा नेपाली पत्रकारिता क्षेत्रले त्यसलाई गम्भीरताका साथ हेर्दै आएको छ । स्वाभाविक कुरा के हो भने शक्तिको प्रयोग गर्ने संरचनाहरू धेरै हुँदै गर्दा प्रेसमाथि चुनौती थपिने नै छ । त्यसकारण पनि हामी गम्भीर भएर प्रस्तुत हुनपर्ने अवस्था छ । स्थानीय तहसम्म कानून बनाउने अधिकार संविधानले नै दिएको छ । जनताको आवश्यकता र चाहनालाई सम्बोधन गर्नका लागि उनीहरूको घर नजिकै सरकारको अनुभूति दिलाउने उद्देश्यले हामी नयाँ संरचनामा गएका हौं । यो कुरामा महासंघ पूर्ण सहमत छ । यति मात्रै हैन, पुनर्संरचनाको मागसहितको परिवर्तनको आन्दोलनमा पत्रकार महासंघले नेतृत्वदायी भूमिकासमेत निर्वाह गरेको थियो । अब ती सबै तहहरूले कानून बनाइरहदाँ प्रेसमैत्री बनोस्, प्रेससम्बन्धी कानूनहरूमा एकरुपता छाओस् र प्रेसलाई अंकुश लगाउने गरी कुनै कानून बन्नु हुँदैन । त्यस्ता कानुन नबनोस् भनेर हामी गम्भीरताका साथ सबै परिदृष्यहरूलाई नियाली रहेका छौं ।



पत्रकार महासंघसँगको सहमतिबिना र प्रेसलाई अंकुश लगाउने गरी कुनै पनि तहले ऐन बनाएमा त्यो हामीलाई मान्य हुने छैन । र, त्यसलाई कार्यान्वयन हुन दिने छैनौ भनी हामीले हाम्रो धारणा सार्वजनिक गरिसकेका छौं ।

यति मात्रै हैन, राष्ट्रिय आमसञ्चार नीति बनिसकेको अवस्थामा त्यो नीतिसँग नबाझ्ने गरी ऐनहरू बन्नुपर्छ भन्ने मान्यताका साथ हामीले ती ऐनका मस्यौदाहरू तयार गर्ने निर्णय गरेका छौं । हामीले 'प्राइबेट बील'का रूपमा ती मस्यौदालाई संसदमा पेश गर्ने योजना पनि बनाएका छौं । यसमा संसद सदस्यहरूले सहयोग गर्नुहुने छ भन्ने हाम्रो विश्वास छ ।

पत्रकार महासंघसँगको सहमतिबिना र प्रेसलाई अंकुश लगाउने गरी कुनै पनि तहले ऐन बनाएमा त्यो हामीलाई मान्य हुने छैन । र, त्यसलाई कार्यान्वयन हुन दिने छैनौ भनी हामीले हाम्रो धारणा सार्वजनिक गरिसकेका छौं ।

**महासंघले वैशाखमा प्रदेशसभाको निर्वाचन गर्न लागेको छ, महासंघलाई त्यसको आवश्यता किन परेको हो ? त्यसले के परिवर्तन ल्याउनेछ ?**

पहिलो कुरा त, देशलाई पुनर्संरचना गरिनुपर्छ र अधिकारको विकेन्द्रीकरण हुनुपर्छ भन्ने लामो लडाईंको हिस्सेदार हामी पनि हौं । त्यसैले त्यो संघर्षको उपलब्धिका रूपमा रहेका पुनर्संरचनामा आफूलाई ढाल्नु हाम्रो दायित्व हो भन्ने हाम्रो बुझाई छ ।

दोस्रो, सबै तहमा कार्यकारी अधिकारसहित सरकार उपस्थित भइरहँदा ती कार्यकारी अधिकार सम्पन्न सरकारसँग प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकारको हक र समग्र पत्रकारिताको विकासका लागि योजनाबद्ध ढंगले अगाडि बढ्नुपर्ने दायित्व निर्वाहका लागि 'डिल' गर्नुपर्छ । त्यसका लागि पनि हामीलाई प्रदेश स्तरमा समितिको आवश्यकता महसुस भएको हो ।

तेस्रो, हाम्रो परिवार ठूलो भएको छ । काठमाडौंबाट सबै पत्रकारहरूको अवस्था र समस्याको लगातार नियमनमा समस्या आउन सक्छ । त्यसकारण पनि हामी प्रदेशस्तरमा अधिकारसहितको संरचनामा उपस्थित हुन आवश्यक महसुस भएर नै प्रदेशस्तरमा समिति निर्माण गर्न थालेका हौं ।

यसरी प्रदेश स्तरमा अधिकार सम्पन्न समिति हुँदा प्रदेश सरकारहरूबाट पत्रकारहरू प्रताडित हुने, प्रेसविरोधी कानून बन्ने र प्रेसको विकासका लागि असहयोगी हुने प्रवृत्तिहरू निरुत्साहित गर्दै बलियो पत्रकारिताको सहयोगमा प्रदेशहरूले आफूलाई समृद्धिको मार्गमा हिँडाउने अवसरको सदूपयोग गर्न सकुन् भन्ने हाम्रो चाहना छ । यो चाहनाको सम्बोधन हुनेछ भन्ने हाम्रो विश्वास छ ।

**नेपाली पत्रकारिताका चुनौतीहरू के के रहेको देख्नु भएको छ ?**

नेपाली पत्रकारिताका चुनौतीहरूको सूची धेरै लामो छ । हामीले अझै पनि प्रेस स्वतन्त्रता, श्रमजीवीको अधिकार, आचारसंहिताको पूर्ण पालनाका सम्बन्धमा सचेततापूर्वक काम गर्नुपर्ने अवस्था छ । बनेका ऐन कानूनहरूको कार्यान्वयनमा देखिएको उदासिनताले पेशागत सुरक्षामा समस्या पारिरहेको छ । भौतिक आक्रमणको श्रृङ्खला पनि पूर्ण रूपमा रोकिएको छैन । सञ्चारमाध्यममा लगानी पारदर्शीताको कुरा छदैछ । अनलाईन कानून अझै हामीले स्वीकार्ने गरी बन्न सकेको छैन । एफएम रेडियोलाई राज्यले थमाएको आर्थिक बोझ पनि एउटा समस्या हो । समानुपातिक विज्ञापन प्रणालीमार्फत साना लगानीका सञ्चारमाध्यमहरूलाई सबल बनाउने सवाल पनि उत्तिकै छ । यी सबै पत्रकारिता क्षेत्रका चुनौतीहरू हुन् ।

यी चुनौतीसँग भाग्ने भने होइन । हाम्रो लगातारको प्रयास र योजनाबद्ध सक्रियताले यी चुनौतीहरूलाई अवसरमा सदूपयोग गर्ने सम्भावना छ । यसका लागि हामी क्रियाशील छौं ।

**नेपाली पत्रकारितालाई व्यावसायिक र मर्यादित बनाउन महासंघले के गर्दैछ ?**

हामी निर्वाचित भएपछि पहिलो केन्द्रीय समितिको बैठकमा यो विषयमा लामो छलफल भएको थियो । केन्द्रीय समितिमा रहेका सबै साथीहरूको यो सवालमा समान चिन्ता र चासो मात्र प्रकट भएन, पत्रकारितालाई व्यावसायिक र मर्यादित बनाउने सन्दर्भमा विभिन्न महत्वपूर्ण सुझावहरू आए । त्यसै आधारमा हामीले मिडिया सम्वादमार्फत सञ्चारमाध्यमहरूमा आएका विषय वस्तुहरूमाथि छलफल गर्ने र मिडिया कता गैरहेको छ भनेर समीक्षा गर्ने श्रृङ्खलाको आरम्भ गर्दैछौं । त्यस्तै, समसामयिक विषयमा छलफल चलाउने काम पनि सुरु भएको छ ।

पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि तालिमहरू सञ्चालन गर्ने, आचारसंहिताका बारेमा छलफल चलाउने कामलाई बढाउँदै लाने तयारीमा छौं । देशको चुनाव र महासंघको चुनाव एउटै समयमा परेकाले केही समय लागेको हो, हामी अब व्यावसायिकता र मर्यादित प्रेसको पक्षमा सबै पत्रकारसँग प्रत्यक्ष जोडिएर काम गर्ने योजना बुन्दै पनि छौं ।

## गतिविधि

# सूचनाको हकमा महिला पत्रकारहरूको पहुँचबारे अन्तर्क्रिया

**नेपाल** पत्रकार महासंघले सूचनाको हकमा महिला पत्रकारहरूको पहुँच विषयमा अन्तर्क्रिया गरेको छ। त्यस अवसरमा सगरमाथा आरोहण गर्ने पत्रकार महिलालाई शुभकामना समेत दिइएको थियो।

२०७४ माघ ७ गते सञ्चारग्रामस्थित महासंघ केन्द्रीय कार्यालयमा महासंघ महिला विभाग संयोजक लक्ष्मी पुनको अध्यक्षतामा भएको कार्यक्रममा सगरमाथा आरोहण गर्ने ७ जना महिला पत्रकारहरूलाई शुभकामना तथा सम्मान गरिएको हो।




### 'समाज विकासमा पत्रकार महिलाको भूमिका महत्त्वपूर्ण हुन्छ'

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका आयुक्त तथा प्रवक्ता यशोदा तिम्सिनाले सगरमाथा आरोहण गर्ने महिला पत्रकारहरूलाई पूर्ण सफलताको शुभकामना दिँदै सूचनाको हक पत्रकारहरूका निम्ति मात्रै नभई सर्वसाधारणका लागिसमेत भएको बताउनु भयो। उहाँले त्यसको पहुँचका लागि पत्रकारहरूले महत्वपूर्ण भूमिका खेल्नुपर्ने धारणा व्यक्त गर्नुभयो। आयुक्त तिम्सिनाले नागरिकको सार्वजनिक सरोकारका विषयहरूमा सूचना पाउने अधिकार रहेको भन्दै त्यसका लागि जनचेतना अभिवृद्धि गर्न आवश्यक रहेको बताउनु भयो।

कार्यक्रममा महासंघका उपाध्यक्ष दिलिप थापामगरले महिला पत्रकारहरूले सगरमाथा आरोहण गर्दा सगरमाथा आरोहणको विषयमा सञ्चार जगतमा राम्रो स्थान पाउनसक्ने धारणा व्यक्त गर्नुभयो भने महासंघका महासचिव रमेश विष्टले सगरमाथा आरोहण गर्ने पत्रकारहरूलाई आवश्यक सहयोग गर्न महासंघ तयार रहेको बताउनु भयो।

२०७४ माघ ७ गते सञ्चारग्रामस्थित महासंघ केन्द्रीय कार्यालयमा महासंघ महिला विभाग संयोजक लक्ष्मी पुनको अध्यक्षतामा भएको कार्यक्रममा सगरमाथा आरोहण गर्ने ७ जना महिला पत्रकारहरूलाई शुभकामना तथा सम्मान गरिएको हो ।

कार्यक्रममा आमसञ्चार नीति २०७३, उच्चस्तरीय कार्यान्वयन समितिका सदस्य बबिता बस्नेतले समाज विकासमा पत्रकार महिलाहरूको महत्वपूर्ण भूमिका हुने भएकोले त्यसमा क्रियाशील रहन पत्रकारहरूलाई आग्रह गर्नु भयो।

महासंघका पूर्वउपाध्यक्ष अनिता बिन्दुले व्यवहारमा सूचनाको हकको कानून पत्रकार हरूका निम्ति मात्रै जस्तो देखिए पनि यसलाई आमनागरिकको अधिकारका रूपमा व्यवहारमा उतार्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका उपसचिव महेश्वरी विष्ट, सूचना तथा सञ्चार मन्त्रालयका उपसचिव संगीता ओझा, प्रेस चौतारीका केन्द्रीय उपाध्यक्ष टिका विष्टलगायतले सगरमाथा आरोहण गर्ने पत्रकार महिलालाई शुभकामना दिनु भएको थियो।

यो सिजनमा पत्रकारहरू देउराली चाम्लिङ, रोसा बस्नेत, प्रिया लक्ष्मी कार्की, रोजिता बुद्धाचार्य, कल्पना महर्जन, पूर्णिमा श्रेष्ठ र डोमा शेर्पाले सगरमाथा आरोहण गर्ने तयारी गर्नु भएको छ।

## महासंघद्वारा पत्राचार

**नेपाल** पत्रकार महासंघको श्रमजीवी हित प्रवर्द्धन समितिले श्रमजीवी पत्रकारसम्बन्धी ऐन तत्काल कार्यान्वयन गर्न आग्रह गर्दै विभिन्न सञ्चार गृहमा पत्राचार गरेको छ। समितिले माउण्टेन टिभी, हिमालयन टिभी, कान्तिपुर मिडिया ग्रुप, नेपाल एफएम, भोजपुर सामुदायिक एफएम, एबीसी टिभी, सगरमाथा टिभी, रेडियो नेपाल लगायतलाई त्यहाँ कार्यरत पत्रकारको उजुरीका आधारमा पत्राचार गरेको हो। पत्रमा ऐन कार्यान्वयन नगरे महासंघ आन्दोलन गर्न बाध्य हुने उल्लेख गरिएको छ।

# फ्री मिडिया नेटवर्कको बैठक





**नेपाल** पत्रकार महासंघमा फ्री मिडिया नेटवर्कको बैठक सम्पन्न भएको छ। बैठकमा सम्पादकीय स्वतन्त्रता, संघीय संरचनाअन्तर्गत केन्द्र तथा स्थानीय तहमा आवश्यक पर्ने सञ्चारसम्बन्धी कानूनमाथि छलफल भएको थियो।

माघ १७ गते भएको बैठकमा महासंघका अध्यक्ष गोविन्द आचार्य, सूचना विभागका महानिर्देशक वीरबहादुर राई, प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठ, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष गंगाधर पराजुली, महासंघका पूर्वअध्यक्ष तारानाथ दाहाल, डा.महेन्द्र विष्ट, अन्तर्राष्ट्रिय पत्रकार महासंघका दक्षिण एसियाका संयोजक उज्ज्वल आचार्यलगायतको उपस्थिति थियो। सहभागीहरूले परिवर्तित सन्दर्भमा आमसञ्चारसम्बन्धी कानूनको मस्यौदा बनाएर छलफल चलाउन महासंघलाई सुझाव दिएका थिए।

# पत्रकार, समावेशिता र सूचनाको हकमाथि छलफल






**नेपाल** पत्रकार महासंघले पत्रकार, समावेशिता र सूचनाको हकसम्बन्धी अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको छ।

माघ २१ गते महासंघ मधेश समितिको आयोजनामा भएको कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त कृष्णहरी बाँस्कोटाले जनतालाई सार्वजनिक सूचनाको जानकारी राख्ने अधिकार रहेको भन्दै सूचनाको हकसम्बन्धी अधिकार प्रयोग गर्न सबैलाई आग्रह गर्नुभयो। संघीय शासन प्रणाली भएका मुलुकहरूमा प्रदेश सूचना आयोगहरू रहेको भन्दै उहाँले नेपालमा पनि प्रदेश स्तरीय सूचना आयोग आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।

महासंघका अध्यक्ष गोविन्द आचार्यले सूचनाको हकसम्बन्धी कानूनको प्रयोगबाट समाचारको गहिराइसम्म पुग्न सजिलो हुने बताउनु भयो।

कार्यक्रममा मधेशी पत्रकार समाजका अध्यक्ष मोहन सिंह, मधेश मिडिया हाउसका अध्यक्ष डा.राजेश अहिराज, महासंघका पूर्वसचिव धर्मेन्द्र कर्ण, सामुदायिक रेडियो प्रसारक संघका उपाध्यक्ष निमेश कर्ण, पत्रकारहरू सुबक महतो, अनिलकुमार कर्ण, वीरेन्द्र केएमलगायतले धारणा व्यक्त गर्नु भएको थियो।

# प्रतिष्ठान शाखाहरूसँग छलफल

# ‘श्रमजीवीको पक्षमा आन्दोलन गर्न तयार हुनुहोस्’



नेपाल पत्रकार महासंघले महासंघका प्रतिष्ठान शाखाहरूसँग छलफल गरेको छ। फागुन ८ गते आयोजित कार्यक्रममा शाखाहरूमा विद्यमान अवस्था बारे छलफल भएको थियो।

कार्यक्रममा बोल्दै महासंघका कार्यवाहक अध्यक्ष दिलिप थापा मगरले पत्रकारको हकहितका निम्ति लड्न महासंघ प्रतिवद्ध रहेको र त्यसलाई कार्यान्वयनमा लैजान महासंघ सधै तयार रहेको बताउनु भयो। उहाँले श्रमजीवी पत्रकारको हकहितका लागि आवश्यक परे आन्दोलन गर्ने आँट गर्न प्रतिष्ठान शाखाहरूलाई आग्रह गर्नुभयो।

महासंघका महासचिव रमेश विष्टले प्रतिष्ठान शाखाहरूमा पत्रकार र सम्पादकको सम्बन्ध, सम्पादकीय स्वतन्त्रता, लैङ्गिक समानातको अवस्थाका बारेमा बुझेर श्रमजीवी पत्रकारका हितमा लाग्ने प्रतिवद्धता व्यक्त गर्नु भयो। उहाँले पत्रकारलाई दुर्व्यवहार गर्ने, श्रमको अवमूल्यन गर्ने सञ्चारगृहलाई बन्द गर्ने चेतावनी समेत दिनुभयो।

महासंघका सचिव रामप्रसाद दाहालले आफ्नो हक हितका निम्ति आन्दोलन गर्दा जागिर नजाने भन्दै विगतमा राजधानी दैनिक, कान्तिपुर दैनिक, स्पेसटाइम, एचबिसि एफएम लगायतका सञ्चारमाध्यममा पत्रकारको रोजगारी पुनर्वहाली भएको नजिर रहेको बताउनु भयो। समिति सह-संयोजक जन्मदेव जैसीले प्रतिष्ठान शाखाहरू सक्रिय हुनुपर्ने र जागिरकै कारण प्रतिष्ठानभित्रका समस्याहरू लुकाउन नहुने धारणा व्यक्त गर्नुभयो।



महासंघका केन्द्रीय सदस्य यम विरहीले पत्रकारको हक हितका निम्ति सञ्चालकहरूसँग महासंघले वार्ता गर्ने र त्यसबाट समाधान नभए आदालत हुँदै आन्दोलन गर्न समेत महासंघ तयार रहेको बताउनु भयो । अर्का केन्द्रीय सदस्य नकुल अर्यालले महासंघ पत्रकारहरूका निम्ति भएको हुँदा पत्रकारका मुद्दामा दृढतापूर्वक लाग्ने बताउनु भयो।

कार्यक्रमका सहभागीहरूले व्यवस्थापन र पत्रकार बीचमा राम्रो समन्वय नभएको र पत्रकारलाई व्यवस्थापनले जहिले पनि अवमूल्यन गर्ने गरेको गुनासो राख्नुका साथै जिल्ला सम्वाददाताहरूलाई समाचारका आधारमा पारिश्रमिक दिने गरेकाले जिल्लाबाट समाचार पठाउने पत्रकारहरू न्यूनतम पारिश्रमिकबाट बञ्चित भएको बताएका थिए।

कार्यक्रममा सहभागी महिला पत्रकारले आफूहरूमाथि व्यवस्थापन तथा सहकर्मीहरूबाटै दुर्व्यवहार गर्नुका साथै होच्याउने गरेको बताएका थिए।

# पत्रकार दुर्घटना बीमा सुरु

सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग र नेपाल पत्रकार महासंघबाट श्रमजीवी तथा स्वतन्त्र पत्रकारहरूको दुर्घटना बीमा कार्य सुरु गरिएको छ।

यस अन्तर्गत आ.व. २०७४/०७५ मा पत्रकार दुर्घटना बीमा कार्यक्रममा सहभागिताका लागि महासंघका जिल्ला शाखा, प्रतिष्ठान शाखा, र एसोसिएट संस्थाहरूमा कार्यरत पत्रकारहरूले आ-आफ्नो शाखा तथा संस्थामार्फत प्रक्रिया पुऱ्याइ २०७४ चैत्र मसान्तभित्र पठाउनु हुन पत्रकार महासंघले अनुरोध गरेको छ। बीमाका लागि प्रतिव्यक्ति ७७ रुपैयाँ ६९ पैसा तोकिएको छ।

शाखाका पत्रकारको हकमा सम्बन्धित शाखाले संकलन गरी एक मुष्ठरूपमा केन्द्रमा पठाउन सकिने पत्रकार महासंघ केन्द्रीय कार्यालयले जनाएको छ।

# 'विभेद हटाउन सञ्चार क्षेत्रको भूमिका महत्त्वपूर्ण'

**नेपाल** पत्रकार महासंघले लैङ्गिक समानता र अवसर विषय अन्तर्क्रिया गर्नुका साथै तीन जना महिला पत्रकारलाई पुस्कार प्रदान गरेको छ ।

फागुन १९ गते महासंघको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा सूचना तथा सञ्चार मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले सञ्चार क्षेत्रमा महिला पत्रकारको सहभागिता बराबरी हुनुपर्नेमा सरकारको जोड रहेको भन्दै सञ्चार प्रतिष्ठानको स्थापना गरी दक्ष पत्रकारको उत्पादन गर्ने लक्ष्य रहेको बताउनु भयो ।




कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले लैङ्गिक समानताको विषय महिला र पुरुषबीच रहेका विभेद हटाउनका लागि सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको भन्दै त्यस क्षेत्रमा थप बहस चलाउन आग्रह गर्नुभयो । उहाँले न्यूनतम पारिश्रमिक तथा नियुक्तिपत्रबिना काममा लगाउने सञ्चार गृह विरुद्ध आन्दोलन गर्ने बताउनुभयो ।







महासंघका पूर्वअध्यक्ष डा. सुरेश आचार्यले पत्रकारिता क्षेत्रमा क्रियाशील पत्रकारहरूको आवश्यकता रहेको भन्दै महासंघले सक्षम र दक्ष पत्रकार उत्पादन गर्ने विषयमा बहस तथा तालिम चलाउनु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा महासंघका उपाध्यक्ष विपुल पोखरेलले नेपालको पत्रकारिता क्षेत्रमा विगतको तुलनामा महिला पत्रकारको संख्या बढेको बताउँदै समाजमा रहेका समस्यालाई सञ्चारमाध्यमबाट उजागर गरी सामाजीकीकरण गर्न पत्रकारलाई आग्रह गर्नुभयो । न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष गंगाधर पराजुलीले पत्रकारको न्यूनतम पारिश्रमिक समयानूकुल बनाउनका लागि समिति सक्रिय रहेको बताउनुभयो ।

सञ्चारिका समूहका अध्यक्ष निर्मला शर्माले व्यावसायिक पत्रकारिताले मात्रै सञ्चार क्षेत्रमा महिला पत्रकारको संख्या बढ्ने धारणा व्यक्त गर्नुभयो ।

महासंघको महिला समितिद्वारा आयोजित कार्यक्रममा नानिमैया विष्ट (प्रयास साप्ताहिक मकवानपुर), गगनशिला खड्का (नारी खबर डटकम) र मन गहिरे (जनचेता साप्ताहिक पाल्पा) लाई पुरस्कार प्रदान गरियो । सञ्चारमा लैङ्गिक समानता र अवसर सम्बन्धी १७ वटा लेख रचना प्राप्त भएकोमा उत्कृष्ट तीनवटालाई पुस्कृत गरिएको हो ।

# महासंघका केही झलक



माघ १८ : नेपाल पत्रकार महासंघ र एआइएनका प्रतिनिधिहरूबीच भेटघाट ।





माघ २५ : चिनियाँ सूचना विभागका प्रतिनिधिहरूद्वारा पत्रकार महासंघका पदाधिकारीहरूसँग भेटघाट ।



फागुन २२ : केन्द्रीय समितिको बैठकमा सहभागी हुन जनकपुर पुगेका महासंघका पदाधिकारी तथा केन्द्रीय सदस्यहरूलाई महासंघ धनुषा शाखाद्वारा सम्मान ।



माघ २५ : नेपाल पत्रकार महासंघ र इन्टरनेस्नल अलर्टका प्रतिनिधिबीच भेटघाट





फागुन २ : नेपाल पत्रकार महासंघ श्रमजीवी हित प्रवर्द्धन समितिद्वारा न्यूनतम् पारिश्रमिक निर्धारण समितिका अध्यक्ष गंगाधर पराजुलीसँग भेटघाट । न्यूनतम पारिश्रमिकलाई समयानूकुल परिमार्जन गर्न आग्रह ।





फागुन २ : नेपाल पत्रकार महासंघद्वारा एफएचआइ३६० सँग सहकार्य गर्ने संस्थाका प्रतिनिधिहरूसँग छलफल ।






फागुन ५ : महासंघद्वारा पत्रकारितामा आदिवासी जनजाति पत्रकारको अवस्था र सूचनाको हक विषयमा अन्तर्क्रिया कार्यक्रम आयोजना ।




फागुन २१ : प्रदेश नं. २ का पत्रकारहरूको मिडिया सम्मेलन । पत्रकारका हकहितबारे छलफल ।

# महासंघका प्रेस विज्ञप्ति

मिति : २०७४/१०/२

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघका सभासद् तथा कान्तिपुर दैनिकका गोरखा जिल्ला सम्वाददाता सुदिप कैनीमाथि भएको साङ्घातिक आक्रमणप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ गोरखा शाखाका अनुसार, गोरखा र तनहुँको सिमानामा पर्ने मर्स्याङदी नदी किनारमा बिना टेण्डर बालुवा उत्खनन् गरिएको समाचार संकलन गर्ने क्रममा माघ १ गते त्यहाँ पुगेको बेला बालुवा उत्खनन गरिरहेको समुहले पत्रकार कैनीमाथि आक्रमण गरेका हुन । आक्रमणबाट उहाँको घाटीमा चोट लागेको छ । साथै, उनीहरूले पत्रकार कैनीको साथमा रहेको क्यामरा र मोवाईल फुटाइदिएका छन् । समाचार संकलनका क्रममा रहेका पत्रकारमाथि सांघातिक आक्रमण गर्नु र सञ्चार उपकरण फुटाउने घटना, पत्रकारले स्वतन्त्रतापूर्वक समाचार संकलन र सम्प्रेषण गर्न पाउने संवैधानिक र कानुनी अधिकार माथिको आक्रमण हो ।

समाचार संकलनका क्रममा पत्रकारमाथि भएको यस किसिमको घटना प्रेस स्वतन्त्रतामाथिको गम्भीर आक्रमण भएको महासंघको ठहर छ । महासंघ पत्रकार कैनीमाथि भएको आक्रमणको निन्दा गर्दै घटनाको सत्यतथ्य छानबिन गरी दोषिमाथि कारबाही गर्नुका साथै घाइते पत्रकारको उपचारको व्यवस्था मिलाउन र क्षति भएको उपकरणको क्षतिपूर्ति दिलाउन सम्बन्धित पक्षसंग महासंघ माग गर्दछ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/१०/०५

## प्रेस विज्ञप्ति

राष्ट्रपति कार्यालयले निजी सञ्चारमाध्यमहरूलाई प्रदेश प्रमुखहरूको शपथग्रहण कार्यक्रमको समाचार संकलन र सम्प्रेषणमा रोक लगाएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

पत्रकारलाई समाचार संकलन र सम्प्रेषणमा रोक लगाउनु प्रेस स्वतन्त्रताको ठाडो उल्लंघन हो र यो अवरोध लोकतान्त्रिक मूल्य मान्यताको विपरित छ । यस्ता घटनाले निर्वाध रुपमा समाचार संकलन गर्न पाउने पत्रकारको कानूनी अधिकार हनन् भएको महासंघको ठहर छ । पत्रकारमाथिको अवरोधले जनताको सूचनाको हक समेत कुन्ठित भएको छ । पत्रकारले निर्वाध रूपमा समाचार संकलन र सम्प्रेषण गर्न पाउने अधिकार हनन् भएको घटनाको महासंघ भर्त्सना गर्दछ ।

राष्ट्रपति कार्यालयबाट बारम्बार सञ्चारकर्मीहरूमाथि विभेदपूर्ण व्यवहार हुँदै आएकोमा महासंघ दु:ख व्यक्त गर्दछ । महासंघ घटनाको छानविन गरी भविष्यमा यस्ता किसिमका घटना दोहरिन नदिन सम्बन्धित पक्षसँग जोडदार माग गर्दछ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/११/२

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ, श्रमजीवी हित प्रवर्द्धन समितिले बढ्दो महङ्गीलगायतका कारणले जीवीकोपार्जनमा देखिएको कठिनतालाई समेत मध्यनजर गरी श्रमजीवी पत्रकार, कामदार, कर्मचारीहरूको न्यूनतम पारिश्रमिक तत्काल पुनरावलोकन गर्न न्यूनतम पारिश्रमिक निर्धारण समितिको ध्यानाकर्षण गरेको छ ।

महासंघका सचिव तथा श्रमजीवी हित प्रवर्द्धन समितिका संयोजक रामप्रसाद दाहालको नेतृत्वमा गएको समितिको प्रतिनिधिमण्डलले आज न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष गंगाधर पराजुलीलाई लिखित माग पत्र बुझाउदै २०७२ साल असारमा समितिले नेपाल सरकारसमक्ष सिफारिस गरेको न्यूनतम पारिश्रमिक अहिले समय सापेक्ष नदेखिएकाले यसलाई समयोचित बनाउन तत्काल पुनरावलोकन सिफारिस कार्यदल गठन गरी काम थाल्न अनुरोध गरेको छ ।

यसरी पुनरावलोकन सिफारिस गर्दा तत्कालिन सुरेश आचार्य समितिले औंल्याएको तहगत वर्गीकरणसहितको पुनरावलोकन गर्न, खेम भण्डारी समितिको प्रतिवेदनमा उल्लेखित तहगत वर्गीकरणमा परेका सबैको पारिश्रमिक न्यूनतम वृद्धिकै अनुपातमा वृद्धि, स्ट्रिन्जरहरूको न्यायोचित व्यवस्थापन र हरेक महिना पूरा भएको पहिलो हप्ताभित्र बैकिङ प्रणालीबाट तलब भत्ता भुक्तानीको पारदर्शी व्यवस्था अनिवार्य गर्न ध्यानाकर्षण पनि गरिएको छ ।

यी माग यथाशीघ्र सम्बोधन नगरे दबाबमा उत्रन बाध्य हुने चेतावनी पनि समितिले दिएको छ ।

प्रतिनिधिमण्डलमा समितिका सहसंयोजक जन्मदेव जैसी, सदस्यहरू यम विरही, टिकाराम प्रधान र टेकराज थामी सहभागी हुनुहुन्थ्यो ।

..................
जन्मदेव जैसी
सह-संयोजक
श्रमजीवी हित प्रवर्द्धन समिति

मिति : २०७४/११/६

## प्रेस विज्ञप्ति

समानुपातिक विज्ञापन प्रणाली लागू गर्न सम्मानित सर्वोच्च अदालतले सरकारका नाममा दिएको अन्तरिम आदेशको नेपाल पत्रकार महासंघ हार्दिक स्वागत गर्दछ। नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालले समानुपातिक विज्ञापन प्रणाली लागू गर्न सरकारका नाममा आदेश माग गर्दै दिएको रिट निवेदनमाथि २०७४ फागुन ६ गते प्रधानन्यायाधीश गोपाल पराजुलीको इजलासले अन्तरिम आदेश दिएको हो।

साना लगानी तथा श्रमजीवी पत्रकारहरूले सञ्चालन गरेको स्वरोजगारमूलक सञ्चारमाध्यमको विकास र प्रवर्द्धनका लागि सरकारी विज्ञापनमा समानुपातिक पहुँच हुनुपर्दछ भन्ने मान्यता महासंघको छ।

सर्वोच्च अदालतबाट भएको उक्त फैसला तत्काल कार्यान्वयन गर्न महासंघ सरकारसँग जोडदार माग गर्दछ। साथै, इजलासमा वहस गर्ने वरिष्ठ अधिवक्ता वोर्णबहादुर कार्की, अधिवक्ताहरू भक्ति घिमिरे, नवराज थपलिया र मनोज शर्माप्रति महासंघ धन्यवाद ज्ञापन गर्दछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/११/१०

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ रौतहट शाखाका अध्यक्ष रविन्द्र साह, सचिव राजेन्द्रकुमार क्षेत्री र पत्रकार सञ्जय सहनीलाई भूमिगत समुहको नामबाट तीन दिनभित्र भौतिक कारबाही गर्ने धम्कीसहितको पत्र महासंघ रौतहट शाखा कार्यालयमा फालेर गएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

महासंघ रौतहट शाखाका अनुसार सांसद अनिल झाको समाचार लेखेको भन्दै पत्रकार सञ्जय सहनीलाई भौतिक कारबाहीको धम्की आएपछि सोको विरोधमा रौतहट शाखाले विज्ञप्ति जारी गरेपछि सोही विषयलाई लिएर भूमिगत समुह 'सन्तोष मिश्रा बारुद' को नामबाट आज पत्रकारत्रय साह, क्षेत्री र सहनीलाई तीन दिनभित्र हत्या गरिदिने भनी धम्कीसहितको पत्र रौतहट शाखा कार्यालयमा फालिएको अवस्थामा भेटिएको थियो।

समाचार प्रकाशित गरेको वा विज्ञप्ति निकालेको विषयमा पत्रमार्फत पत्रकारलाई ज्यान मार्ने धम्की दिइएको यो घटना प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको ठाडो हस्तक्षेप हो। यस्ता घटनाले पत्रकारलाई आफ्नो पेशामा हतोत्साहित र कमजोर बनाउने महासंघको ठहर छ। महासंघ पत्रकारलाई दिइएको यो धम्कीको कडा शब्दमा भर्त्सना गर्दछ। र, धम्की दिने समुहको तत्काल पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याउन र पत्रकारलाई सुरक्षाको प्रत्याभूति दिलाई निर्भीक र स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण निर्माण गर्न सरकारसँग माग गर्दछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/११/७

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ कुवेत शाखाका अध्यक्ष हरिकृष्ण न्यौपानेमाथि गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय समिति कुवेतका अध्यक्ष अर्जुन तामाङले सांघातिक आक्रमण गरी घाइते बनाएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

महासंघ कुवेत शाखाका अनुसार २०७४ फागुन ६ गते साँझ अध्यक्ष तामाङले पटकपटक फोन गरी महासंघ कुवेत शाखाका सदस्य सुजन केसीको कोठामा छलफल छ भनी बोलाइ अध्यक्ष न्यौपानेमाथि सांघातिक आक्रमण गरेका थिए। आक्रमणबाट घाइते भएका अध्यक्ष न्यौपानेको हाल कुवेतस्थित आदान अस्पतालमा उपचार भइरहेको छ।

जिम्मेवार संस्थाको अध्यक्षजस्तो पदमा रहेका व्यक्तिले आफ्नो पदीय हैसियतलाई ख्याल नगरी अर्का जिम्मेवार संस्थाका अध्यक्षमाथि गरिएको यो सांघातिक आक्रमण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप हो। महासंघ पत्रकार न्यौपानेमाथि भएको आक्रमणको घोर निन्दा गर्दछ। घटनाको छानबिन गरी दोषीमाथि कडा कारबाहीको पहल गर्न कुवेतस्थित नेपाली दूतावास, नेपाल सरकार र गैर आवासीय नेपाली संघ केन्द्रीय समितिको ध्यानाकर्षण गराउँदछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/११/८

## प्रेस विज्ञप्ति

सुनसरीबाट प्रकाशित प्रवोध साप्ताहिकका सम्पादक गमबहादुर लम्देल र सम्वाददाता जमुना श्रेष्ठ तथा मर्निङ टाइम्स दैनिकका सम्वाददाता मीना तुम्सुवालाई प्रहरीले बिनाकारण प्रक्राउ गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ। महासंघ सुनसरी शाखाका अनुसार समाचार संकलनमा रहेका पत्रकारत्रयलाई आज धरानबाट प्रहरीले बिनाकारण पक्राउ गरिएको हो।

पेशागत दायित्व निर्वाहमा जुटेका पत्रकारलाई बिनाकारण पक्राउ गरिनु प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप हो। महासंघ प्रहरीबाट भएको यो कार्यको कडा शब्दमा निन्दा गर्दै पक्राउ परेका पत्रकारलाई अविलम्ब ससम्मान रिहा गरी संविधानप्रदत्त प्रेसको अधिकारको सम्मान गर्न र निर्वाध प्रेस स्वतन्त्रता उपभोगको वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग गर्दछ।

यसैबीच समाचार संकलनका क्रममा पत्रकार घनश्याम पाण्डे कास्कीको विजयपुर खोलाको पुल नजिक भएको बम विस्फोटमा परी घाइते हुनु भएको खवरप्रति महासंघ दुःख व्यक्त गर्दछ र घाइते पत्रकार पाण्डेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै सम्पूर्ण उपचारको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउँदछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/११/१४

## प्रेस विज्ञप्ति

सर्वोच्च अदालतले मिति २०७४ फागुन १३ गते कान्तिपुर दैनिक विरुद्ध चलिरहेको मानहानीको मुद्दामाथि दिएको आदेश र त्यस पछाडिका प्रतिक्रियाप्रति नेपाल पत्रकार महासंघको ध्यानकर्षण भएको छ ।

सञ्चारमाध्यममा कुन सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा नगर्ने विषय उसको संविधानप्रदत्त अधिकार हो । नेपालको संविधान २०७२ ले पूर्ण प्रेस स्वतन्त्रता सुनिश्चित गरेबाट आम सञ्चारको हक र महत्व स्पष्ट हुन्छ ।

अदालतको आदेश र त्यसपछिको प्रतिक्रियाहरूलाई ध्यानमा राख्दै महासंघले आन्तरिक बैठक र सरोकारवालाहरूसँगको छलफलपछि थप धारणा सार्वजनिक गर्ने छ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/११/२८

## प्रेस विज्ञप्ति

बझाङका पत्रकार गोविन्द बोहोरा र अछामका पत्रकार खकेन्द्र परियारले आत्महत्या गरेको खबरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ । दुर्गम जिल्लामा स्रोत र साधनको अभावमा पत्रकारिता गर्नु कठिन र चुनौतीपूर्ण छ । नागरिकलाई सूचना प्रवाह गर्ने संकल्पका साथ पत्रकारितामा क्रियाशील पत्रकारको निधनले नेपाली पत्रकारिता क्षेत्रमा क्षति पुगेको छ । महासंघ दिवंगत पत्रकारद्वयप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ ।

महासंघले गरेको प्रारम्भिक अध्ययनअनुसार पत्रकारद्वयले चरम आर्थिक अभावका कराण आत्महत्या गरेको हुन् । आर्थिक अवस्था कमजोर भएका तथा पारिश्रमिक नपाएका कारण पत्रकारले आत्महत्या गर्नु महासंघका लागि अत्यन्त पीडादायी घटना हो ।

महासंघ श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरे बमोजिम सेवा सुविधा पाउनुपर्छ भन्ने पक्षमा दृढताका साथ उभिएको छ । महासंघ श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन र पत्रकारको आर्थिक दुरावस्था अन्त्य गर्न राज्य र सञ्चारमाध्यमको गम्भीर ध्यानाकर्षण गराउँदछ । साथै, ऐन पूर्ण कार्यान्वयनका लागि महासंघ अझ सशक्त र दबावमूलक ढंगबाट अघि बढ्ने स्पष्ट पार्दछ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/११/१६

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ लोकतन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा दृढतापूर्वक उभिँदै आएको छ । लोकतान्त्रिक व्यवस्थामा सञ्चारमाध्यममा प्रकाशित/प्रसारित सामग्रीले अदालतको अवहेलना हुन सक्दैन भन्ने महासंघको प्रष्ट धारणा रहेको छ ।

सञ्चारमाध्यममा कुन सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा नगर्ने विषय उसको संविधानप्रदत्त अधिकार हो । नेपालको संविधान २०७२ ले पूर्ण प्रेस स्वतन्त्रता सुनिश्चित गरेबाट आमसञ्चारको हक र महत्व स्पष्ट हुन्छ ।

सम्मानित सर्वोच्च अदालतले मिति २०७४ फागुन १३ गते कान्तिपुर दैनिक विरुद्ध चलिरहेको मानहानीको मुद्दामाथि दिएको आदेश नेपालको संविधानको मूल मर्म र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विश्वव्यापी मान्यताविपरीत भएकाले यसलाई सच्याउन महासंघ आग्रह गर्दछ । सञ्चारमाध्यमलाई कुनै पनि निकायबाट समाचार प्रकाशन/प्रसारण गर्नुपूर्व लगाइने बन्देज 'प्रिसेन्सरसीप' महासंघलाई मान्य हुन सक्दैन । यस्तो बन्देजका विरुद्ध महासंघ सधैं दृढताका साथ उभिने छ । साथै, महासंघ पत्रकारको पेशागत सुरक्षा, सम्पादकीय स्वतन्त्रता र सञ्चारमाध्यमको आचारसंहिता पालनाप्रति सबै सञ्चारमाध्यमको सजगता र प्रतिवद्धताप्रति विश्वस्त रहेको छ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/११/३०

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघको २०७५ साल बैशाख २२ गते हुने प्रदेश अधिवेशन सम्पन्न गर्न महासंघले निर्वाचन समिति गठन गरेको छ । वरिष्ठ पत्रकार बबिता बस्नेतको संयोजकत्वमा गठित समितिमा महासंघका पूर्वउपाध्यक्ष अनिता विन्दु, पूर्वसचिव धर्मेन्द्र कर्ण, पूर्वकेन्द्रीय सदस्य बालकृष्ण बस्नेत र अधिवक्ता कपिल पोखरेल रहनु भएको छ । समितिले सबै प्रदेशको अधिवेशन सम्पन्न गर्नेछ ।

..................
रमेश विष्ट
महासचिव

**प्रकाशक** : युरोपियन युनियन र इन्टरनेशनल अलर्टको सहयोगमा नेपाल पत्रकार महासंघ, सञ्चारग्राम, तिलगंगा, काठमाडौं ।
फोन : ४११२७६३, ४११२६७३, Email : fnjnepal@mail.com.np, Web: fnjnepal.org